आज मिति २०७५ साल असोज ७ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी. ज्यू को अध्यक्षतामा कार्यपालिकाको ३४ औं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय बमोजिम छ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ |
| श्री शान्ती चौधरी | - | सदस्य |
| श्री राजु बडुवाल खत्री | - | सदस्य |
| श्री चन्द्ररुपा कामी | - | सदस्य |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य |
| श्री बम बहादुर वि क. | - | सदस्य |
| श्री भिम बहादुर खत्री | - | प्र.प्र.अ. सदस्य-सचिव |

गेरुवा गाउँपालिका

Scanned by CamScanner

**प्रस्तावहरु**

१ बार्षिक खरिद योजना तथा कार्यक्रम कार्यान्वयन कार्यविधी स्वीकृत तथा रकम विनियोजन गर्ने सम्बन्धमा
२ शैक्षिक सुधार गर्न गाउँपालिका शिक्षा समिति गठन गर्ने सम्बन्धमा
३ वडा दशैं पूजा तथा पालो पहरा गर्ने सम्बन्धमा
४ विविध सम्बन्धमा
(क) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा

**निर्णयहरु:-**

१ **बार्षिक खरिद योजना र कार्यक्रम कार्यान्वय कार्यविधी स्वीकृत तथा रकम विनियोजन गर्ने सम्बन्धमा**
प्रस्ताव नं. १ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको प्रथम गाउँसभा बाट पारित भई कार्यान्वयनमा रहेका **आर्थिक ऐन २०७५, विनियोजन ऐन, २०७५ र आर्थिक बर्ष २०७५/०७६ को निति तथा कार्यक्रम** कार्यान्वयन गर्दा **स्थानीय सरकार संचालन ऐन २०७४**, र **सार्वजनिक खरिद ऐन, २०६३** तथा **सार्वजनिक खरिद नियमावली, २०६४** प्रतिकुल नहुने गरी पेश भएका सबै कार्यक्रमहरुको बार्षिक खरिद योजना र कार्यक्रम कार्यान्वयन कार्यविधीहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

१. भौतिक निर्माण तथा मर्मत कार्यहरुका लागी विनियोजित रकमहरु मध्ये रु. ३००,०००।- भन्दा कम विनियोजन भएका योजनाहरु समिति बाट/कोटेशन बाट कार्य सम्पादन गर्ने र रु. ५,००,०००।- भन्दा कम रकम विनियोजन भएका योजनाहरु कोटेशन बाट कार्य सम्पादन गर्ने र रु. ५,००,०००।- भन्दा बढी रकम विनियोजन भएका सबै योजनाहरु टेण्डर प्रकृया बाट कार्य सम्पादन गराउने गरी निर्देशन दिने ।

२. गेरुवा गाउँपालिका, सार्वजनिक खरिद ईकाई बाट भएको निर्णय लाई अनुमोदन गर्ने ।

३. कार्यक्रम स्वीकृत भएका तर रकम विनियोजन नभएका देहाय बमोजिमका कार्यक्रमहरुमा देहाय बमोजिमको रकम विनियोजन गर्ने ।

| सि.नं. | कार्यक्रमको नाम | प्रस्तावको विवरण | | स्वीकृत शिर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावकको नाम | प्रस्तावित विषय | | | |
| १ | थारु हेल्पडेस्क | जोगनी जनसेवा क्लब | सहजकर्ता/स्वयंसेवक परिचालन तथा तालिम, कार्यालय संचालन खर्च | | २७,८७,०००।- | |

गेरुवा गाउँपालिका

Scanned by CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | टोल विकास समिति | सहकर्मि समाज | सहजकर्ता/स्वयंसेवक परिचालन तथा तालिम, कार्यालय संचालन खर्च | | २५,००,०००।- | |
| ३ | गौशाला | गाई उद्धार केन्द्र | दाना, पराल, भुस, नून, खरिद र मर्मत/निर्माण तथा सामुदायीक गाई उद्धार केन्द्र संचालन | | २५,००,०००।- | |
| ४ | खाद्य सुरक्षा कार्यक्रम | पोषण | वरिष्ठ सामाजीक परिचालक परिचालन | | १,६१,५००।- | |
| ५ | बातावरण संरक्षण | युनिक नेपाल | गेरुवा बैद्य वा छनौट, युवा क्षमता अभिबृद्धि | | २,००,०००।- | |
| ६ | उपचार खर्च अनुदान | | | | १५,०००।- | |
| ७ | | गाउँपालिका माहासंघ | | | २५,०००।- | |

२ **शैक्षिक गुणस्तर सुधार गर्न गाउँपालिका शिक्षा समिति गठन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका पूर्व प्राथमिक, प्राथमिक, आधारभूत र माध्यमिक तहका विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार सहित गतिविधी संचालन गर्नका लागी विद्यमान संघियशिक्षा ऐन/नियम विपरित नहुने गरी शिक्षा सम्बन्धी संघिय तथा प्रान्तीय कानून नबन्दा सम्म देहाय बमोजिमका कार्यहरु गर्नका लागी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) को अधिकार प्रयोग गरी देहाय बमोजिमको कार्यहरु गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

(क) जिल्ला शिक्षा समिति नभएको अवस्थामा देहाय बमोजिमको गाउँपालिका स्तरिया शिक्षा समिति गठन गरी आधारभूत र मा.वि. तहको शैक्षिक संस्था संचालन तथा शैक्षिक गतिविधी संचान.लन गर्दा जिल्ला शिक्षा समितिले प्रयोग गर्दै आएको अधिकार प्रयोग गरी गेरुवा गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरु संचालन तथा शिक्षक/कर्मचारीहरु परिचलन गरी शैक्षिक गुणस्तर सुधार कार्यमा तिव्रता ल्याउने ।

**गाउँपालिका शिक्षा समिति**

**(क) गेरुवा गाउँपालिका अध्यक्ष - अध्यक्ष**
**(ख) सबै समिति संयोजक –सदस्य**
**(ग) कार्यपालिका सदस्य मध्ये बाट दुई जना (कम्तीमा १ जना महिला) -सदस्य**
**(घ) प्रधानाध्यापक मध्येबाट दुई जना (एक जना महिला पर्ने गरी ) -सदस्य**

Scanned by CamScanner

(ङ) शिक्षक/महासंघ प्रतिनिधी १ जना - सदस्य

(च) स्थानीय शिक्षा प्रेमी बुद्धीजिवी, उद्योगपति, व्यापारी मध्येबाट मनोनित सदस्य

(छ) दलित, अल्पसंख्यक, मुक्त कमैया/कमलरी, द्वन्द्व पिडित मध्येबाट मनोनित सदस्य

(ज) बालक्लब/छात्रा/छात्र प्रतिनिधी - सदस्य

(झ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत - सदस्य

(ञ) निजी विद्यालय प्रतिनिधी - सदस्य

(ञ) शिक्षा शाखा/ईकाई प्रमुख - सदस्य सचिव

**गाउँपालिका शिक्षाको समितिको काम,कर्तव्य र अधिकार :-**

१) गेरुवा गाउँपालिका अन्तर्गत रहेका सवै विद्यालयहरुको विस्तृत निरीक्षण गराई प्रतिवेदन लिने ।

२) प्रतिवेदनबाट औल्याईएका सुझावहरुका बिषयहरुमा समितिबाट निर्णय लिने ।

३) विद्यालयका नाउमा रहेका सवै सरकारी सम्पत्तिको अभिलेख तयार गरी सम्पत्ति सदुपयोग योजना बनाई निर्देशन दिने ।

४) विद्यालयहरुमा अत्यावश्यक कक्षा थप, दरबन्दी थप/घट, नया कोटा थप आदीको अस्थायी अनरमति दिने निर्णय गर्ने र अनुमोदन गराउने ।

५) पदपुर्ति समिति तथा शिक्षक/कर्मचारी छनौट समिति गठन, स्वीकृत र अनुमोदन गर्ने ।

६) शिक्षकहरुको (स्थायी, अस्थायी, राहत) दरबन्दी मिलान, सरुवा, काज खटाउने निर्णय गर्ने ।

७) शैक्षिक गुणस्तर सुधार कार्यक्रम निर्माण गरी सञ्चालन गर्ने निर्णय गर्ने ।

८) प्राविधिक तथा प्राज्ञिक, सरकारी/सामुदायिक/निजि तथा सहकारी शिक्षालय सञ्चालन अनुमति दिने निर्णय गर्ने ।

९) सवै तहको परीक्षा सञ्चालन तथा नियन्त्रण गर्ने निर्णय गरी कार्यान्वयन गराउने ।

१०) शैक्षिक रणनीति/योजना, कार्यक्रम बनाउने, लागु गर्ने र अनुगमन गर्ने ।

११) विद्यालय व्यवस्थापन समितिहरु परिचालन, गठन/पुर्नगठन, हेरफेर र निर्णय गर्ने ।

१२) विद्यालयहरुलाई आन्तरिक कृयाकलाप, आय आर्जन र कोष सञ्चालन सम्वन्धित कार्यक्रमहरुको स्वीकृत दिने ।

**विद्यालय व्यवस्थापन समिति :-**

क) लगानी/ योगदानकर्ता अभिभावक मध्येबाट १ जना - अध्यक्ष

ख) अभिभावक मध्येबाट १ जना महिला - सदस्य

ग) वडाध्यक्ष वा निजले तोकेको निवार्चित कलष्तर सदस्य प्रतिनिधि १ जना - सदस्य

घ) शिक्षक प्रतिनिधि - सदस्य

ङ) समावेशी हुने गरी समितिले मनोनयन गरेका २ जना - सदस्य

च) प्रधानाध्यापक - सदस्य सचिव

**विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :-**

१. विद्यालयको बार्षिक शैक्षिक कार्य योजना स्वीकृत गर्ने र विद्यालय सञ्चालन गर्ने

२. शिक्षक, कर्मचारी, विद्यार्थी सवैमा अनुशासन र नियमितता कायम गर्ने/गराउने

३. विद्यालयका नाउमा रहेको सवै सरकारी सम्पत्तिको अभिलेख र सुरक्षा गर्ने

Scanned by CamScanner

४. विद्यालयमा अत्यावश्यक कक्षा थप, दरबन्दी थप/घट नयाँ कोटा थप आदीको प्रस्ताव गर्ने ।

५. स्वीकृत दरबन्दी अनुसार शिक्षक/कर्मचारी भर्ना गर्न अनुमति माग गर्न, छनौट समिति गठन गर्न प्रस्ताव तयार गरी गाउँपालिका शिक्षा समितिमा पेश गर्ने ।

६. विद्यालयको आन्तरिक श्रोत/सहयोग जुटाउने, कोष स्थापना गर्ने र संचालन गर्ने ।

**३ दशैं पुजा तथा पालो पहरा तोक्ने सम्बन्धमा**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा २०७५ सालको वडा दशैंको उपलक्ष्यमा सबै महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना प्रदान गर्दै देहाय बमोजिमको जिम्मेवारी बहन गर्न निर्देशन गर्ने निर्णय गरियो ।

**तपशिल :-**

| सिं.नं. | नाम थर | पद | जिम्मेवारी | | खर्च गर्ने विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | कार्य | स्थान | दर | जम्मा | |
| १ | कुन नारायण चौधरी | ना.सु. | बोका खरिद, मैलो गाडी पुजा | पशुपतिनगर | १०,०००।- | १०,०००।- | |
| २ | श्री टेक बहादुर नेपाली | चौकीदार | कार्यालय तथा सामान सुरक्षा | | २००।- | १०००।- | |
| ३ | श्री मनिराम थारु | का.स. | कार्यालय तथा सामान सुरक्षा | ६ नं. वडा कार्यालय | २००।- | १०००।- | |
| ४ | श्री छुनुकराम थारु | का.स. | कार्यालय तथा सामान सुरक्षा | ५ नं. वडा कार्यालय | २००।- | १०००।- | |
| ५ | श्री बाबुराम चौधरी | का.स. | कार्यालय तथा सामान सुरक्षा | ४ नं वडा कार्यालय | २००।- | १०००।- | |
| ६ | श्री लाईकराम चौधरी | का.स. | कार्यालय तथा सामान सुरक्षा | ३ नं. वडा कार्यालय | २००।- | १०००।- | |
| ७ | श्री महेश चौधरी | का.स. | कार्यालय तथा सामान सुरक्षा | २ नं वडा कार्यालय | २००।- | १०००।- | |
| ८ | श्री श्रवण चौधरी | का.स. | कार्यालय तथा सामान सुरक्षा | १ नं. वडा कार्यालय | २००।- | १०००।- | |

Scanned by CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | कुल जम्मा | १७,०००।- | |

४ **विविध सम्बन्धमा**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सवै वडाले आ-आफ्नो वडाका माशिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने र कार्य सम्पादन सम्झौता गरी अख्तीयारी लिने तयारीका साथ आगामी ३५ औं नियमित वैठक मिति २०७५ कार्तिक ७ गतेका दिनको २:०० बजे बस्ने निर्णय गरियो ।

~~प्रस्ताव नं. ७(क) माथी छलफल गर्दा यस गाउँपालिकाको ३४ औं बोर्ड बैठक मिति २०७५/५/२२ गते दिनको २:०० बजे बस्ने निर्णय गरियो ।~~

गङ्खवा गाउँपालिका

Scanned by CamScanner